# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२।०८३

चलानी नं. :-

मिति :- २०८२।१०।२१

ने.स. ११४६ सिल्लागा ३ बुधवार

सूचना नं. ५५

**विहादी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) र पालिका गान निर्माण गर्ने सम्बन्धी सूचना !**

(सूचना प्रकाशित मिति: २०८२।१०।२१)

आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार यस विहादी गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, पर्यटकीय, सामाजिक, धार्मिक, सांस्कृतिक लगायतका पहिचानलाई संस्थागत गर्न र स्थानीय विशेषतालाई उजागर गर्नका लागि खुला प्रतिस्पर्धात्मक विधिबाट यस गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) र पालिका गान निर्माण गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले तपसिलका शर्त तथा मापदण्डहरुको अधिनमा रही आफ्नो रचना वा डिजाइन तयार गरि सोको हार्ड कपि/ ई-कपि गाउँपालिकाको ईमेल ठेगाना bihadi.ruralmun@gmail.com वा कार्यालयमा यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२।११।०६ गते) कार्यालय समय भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्त तथा मापदण्डहरु:**

| गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण | गाउँपालिकाको पालिका गान निर्माण |
|---|---|
| १. कुनै पनि जातीय, साम्प्रदायिक, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत गर्न पाइने छैन ।<br>२. यस गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, पर्यटकीय, सामाजिक, धार्मिक, सांस्कृतिक लगायतका पहिचान र स्थानीय विशेषता झल्कने प्रतिक चिन्ह (लोगो) निर्माण गर्नुपर्ने छ ।<br>३. लोगोमा गाउँपालिकाको नाम: विहादी गाउँपालिका, नारा: "समुन्नत विहादी, सम्मानित विहादीवासी" र नेपालको झण्डा अनिवार्य समावेश गर्नुपर्ने छ ।<br>४. प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या सहित पेश गर्नुपर्ने छ ।<br>५. अन्य लोगोसँग मेल नखाने, अन्य कतैबाट नक्कल नगरिएको र मौलिकता झल्कने लोगो डिजाइन गर्नुपर्ने छ ।<br>६. एक डिजाइनकर्ताले एक मात्र लोगो प्रस्ताव गर्नुपर्ने छ ।<br>७. लोगो कम्तिमा ३०० DPI resolution भएको TIF/ JPEG/ PNG Format मा हुनुपर्ने छ ।<br>८. प्रतिक चिन्ह (लोगो) मुल्याङ्कन यस कार्यालयद्वारा गठित मुल्याङ्कन तथा सिफारिस समितिबाट हुनेछ । लोगोको स्वीकृति सम्बन्धि सम्पूर्ण अधिकार र स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ ।<br>९. कार्यालयले लोगो आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो बमोजिम परिमार्जन गर्नुपर्नेछ ।<br>१०. डिजाइनकर्ताले प्रस्तावसँग अनिवार्य रुपमा नागरिकताको प्रतिलिपी पेश गर्नुपर्ने छ ।<br>११. छनोट भएको लोगोको डिजाइनकर्तालाई रु. २५,०००।- पुरस्कार स्वरुप प्रदान गरिने छ । | १. कुनै पनि जातीय, साम्प्रदायिक, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने शब्द प्रयोग गर्न पाइने छैन ।<br>२. यस गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, पर्यटकीय, सामाजिक, धार्मिक, सांस्कृतिक लगायतका पहिचान र स्थानीय विशेषता झल्कने गान रचना गर्नुपर्ने छ ।<br>३. गान घटीमा ३० (तीस) र बढीमा ४६ (छ्यालीस) शब्दसम्मको हुनुपर्ने छ ।<br>४. अन्य गानसँग मेल नखाने, अन्य कतैबाट नक्कल नगरिएको र मौलिकता झल्कने गान रचना गर्नुपर्ने छ ।<br>५. एक रचनाकारले एक मात्र रचना प्रस्ताव गर्नुपर्ने छ ।<br>६. गानको प्रस्ताव एकल वा संयुक्त रुपमा समेत गर्न सकिने छ ।<br>७. गानको मुल्याङ्कन यस कार्यालयद्वारा गठित मुल्याङ्कन तथा सिफारिस समितिबाट हुनेछ । गानको स्वीकृति सम्बन्धि सम्पूर्ण अधिकार र स्वीकृत गानको सर्वाधिकार गाउँपालिकामा रहनेछ ।<br>८. कार्यालयले गान आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो बमोजिम परिमार्जन गर्नुपर्नेछ ।<br>९. रचनाकारले प्रस्तावसँग अनिवार्य रुपमा नागरिकताको प्रतिलिपी पेश गर्नुपर्ने छ ।<br>१०. छनोट भएको गानको रचनाकारलाई रु. १५,०००।- पुरस्कार स्वरुप प्रदान गरिने छ । |

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत